# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपाल 2016 IMF/WB Annual Meetings मा सहभागी भई स्वदेश फिर्ता

गभर्नर डा. चिरंजीबि नेपाल International Monetary Fund र World Bank ले संयुक्त राज्य अमेरिकाको वासिंगटन डिसिमा २०१६ अक्टोवर ६ देखि अक्टोवर ९ सम्म आयोजना गरेको IMF/WB Annual Meetings मा सहभागी भई मिति २०७३ असोज २४ गते स्वदेश फर्कनु भयो ।



गभर्नर डा. नेपालले अक्टोवर ५ मा IMF का Deputy Managing Director (DMD) Mr. Tao Zhang सँग IMF Head Quarter मा भेटवार्ता गर्नुभयो । भेटका अवसरमा डा. नेपालले देशको वर्तमान आर्थिक स्थिति एवम् अर्थतन्त्रका चुनौतिहरू उल्लेख गर्नुका साथै IMF ले नेपाललाई हालसम्म प्रदान गरेका सबै प्रकारका सहयोगका लागि धन्यवाद दिनु भयो भने DMD Mr. Zhang ले नेपाल हालका चुनौतिलाई पार लगाउन सक्षम रहेको विश्वास व्यक्त गर्दै नेपाललाई आवश्यक पर्ने सहयोग प्रदान गर्न कोष तयार रहेको बताउनु भयो ।

गभर्नर डा. नेपाल अक्टोवर ६ मा South East Asian Voting Group को बैठकमा सहभागी हुनु भयो । सो बैठकमा SEAVG Office को Strategic Business Plan, SEAVG को New Rotation Scheme का बारेमा छलफल भएको थियो । सो लगत्तै गभर्नर डा. नेपाल 49th Joint Governors Meeting of the IMF-WB, South East Asian Constituency Meeting मा सहभागी हुनु भयो ।

गभर्नर डा. नेपालले IMF Finance Department तथा Monetary and Capital Market तथा Asia Pacific Department का प्रतिनिधिहरूसँग भेटघाट गर्नुभयो । सो अवसरमा IMF को Safeguard Mission र Liquidity Mission को प्रतिवेदन, नेपालको मौद्रिक तथा वित्तीय अवस्था एवम् यस वर्षको मौद्रिक नीतिले ल्याएका उपकरणहरूको प्रभावकारिताका बारेमा चर्चा तथा छलफल भएको थियो ।

गभर्नर डा. नेपाल अक्टोवर ७ का दिन SAARCFINANCE Group Meeting मा सहभागी हुनु भयो । SAARC राष्ट्रका केन्द्रीय बैंकका गभर्नर र अर्थ सचिवहरूको सहभागिता रहेको सो बैठकमा SAARCFINANCE Database का बारेमा छलफल गर्नुका साथै विभिन्न अध्ययन सेमिनार आयोजना गर्ने तथा म्यानमार र इरानलाई पर्यवेक्षकको रूपमा SAARCFINANCE Group Meeting मा सहभागी हुन आमन्त्रण गर्ने निर्णय भएको थियो । सोही दिन



गभर्नर डा. नेपाल र SEAVG का ED Mr. Marzunisham Omar बीच भेटवार्ता भएको थियो ।

गभर्नर डा. नेपालले अक्टोवर ८ का दिन IMF Annual Plenary बैठकमा भाग लिनु भयो । बैठकमा वर्तमान विश्व अर्थतन्त्रका चुनौतिहरूका बारेमा छलफल हुनुका साथै Anti Trade Sentiment विकास हुँदै गएको तथा विश्व अर्थतन्त्र Too Slow for Too Long and Benefiting for Few भएकोमा चिन्ता व्यक्त गरिएको थियो भने आर्थिक वृद्धि बढी समावेशी हुनु पर्नेमा जोड दिइएको थियो । Monetary, Fiscal Policy तथा Structural Reforms को संयुक्त प्रयोगबाट अहिलेको अवस्थामा सुधार ल्याउन सकिने धारणा समेत उक्त बैठकमा व्यक्त भएको थियो ।

त्यसैगरी गभर्नर डा. नेपाल South Asian Reginal Training and Technical Assistance Centre को Country Meeting र Asia Pacific Department ले आयोजना गरेको Regional Economic Outlook Breakfast Meeting मा पनि भाग लिनु भएको थियो । त्यसअघि नेपाली प्रतिनिधि मण्डलले विदेशी दातृ निकायका प्रतिनिधिहरूसमक्ष गत वर्ष नेपालमा गएको भूकम्पले पारेको असर र हालसम्मको राहत र पुनर्निर्माण सम्बन्धी प्रस्तुतीकरण कार्यक्रममा सहभागिता जनाउनु भयो ।

गभर्नर डा. नेपालका साथ गभर्नर कार्यालयका निर्देशक राजेन्द्र पण्डित समेत उक्त कार्यक्रममा सहभागी हुनु भएको थियो ।

**२०७३ असोज २५, मंगलबार** **गभर्नरको कार्यालय**